# स्थानीय राजपत्र


## परशुराम नगरपालिकाबाट प्रकाशित

खण्डः १ संख्याः २४ मितिः २०७५/०७/१५

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल


## भाग २

स्थानीय सरकार

## आर्थिक सहायता सम्बन्धि कार्यविधि २०७५

प्रस्तावना :

यस परशुराम नगरपालिकामा रहेका गरिब, विपन्न, असहायहरु, विभिन्न रोगबाट पिडीत तथा ग्रसित दिर्घरोगी, दुर्घटना, विपदमा परेका, ठुलो शल्यक्रिया गर्नु पर्ने अवस्थामा रहेका व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियाशील संघ, संगठनहरु संगको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यवस्थापन गर्न परशुराम नगरपालिकाले



प्रशाशकीय कार्यविधि (नियमित गर्ने) नियमावली २०७५ को नियम ३ बमोजिम आर्थिक सहायता सम्बन्धि कार्यविधि २०७५ बनाई जारी गरिएको छ ।

## परिच्छेदः- १
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम " आर्थिक सहायता सम्बन्धि कार्यविधि २०७५" रहको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषा

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले परशुराम नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले परशुराम नगरपालिकाको कार्यापालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "आर्थिक सहयता"भन्नाले परशुराम नगरपालिकाकाबाट प्रदान गरिने आर्थिक सहयोग लाई सम्झनु पदर्छ ।

(च) "नगर प्रमुख" भन्नाले परशुराम नगरपालिकाका नगर प्रमुखलाई सम्झनुपर्छ ।

(छ) "नगर उप-प्रमुख" भन्नाले परशुराम नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनुपर्छ ।

(ज) "प्रमुख प्रशाशकीय अधिकृत" भन्नाले परशुराम नगरपालिकाका प्रमुख प्रशाशकीय अधिकृतलाई सम्झनु पर्छ ।

## परिच्छेदः–२
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. मापदण्डः नगरले प्रदान गर्ने आर्थिक सहायतको मापदण्ड देहाय बमोजिम हुनेछ ।

१) दुर्घटनाः नगरवासी कुनै प्राकृतिक तथा दैविय दुर्घटनामा परि जसका कारणवाट अंगभंग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी र विपन्नता कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थामा भएको व्यक्तिलाई अवस्था हेरी निजसंगको कागजात र सम्बन्धित वडा कार्यालयको सिफारिसमा एक पटकमा २५ हजार सम्म उपलब्ध गराउन सकिने छ ।

२) दिर्घरोगः नगरवासीहरु मध्ये दिर्घरोग (किड्नी फेल तथा डाईलोसि गर्नु पर्ने अवस्था, मुटुको उपचार, क्यान्सर आदि) लागेको अवस्था भएको तर गरिबी र विपन्नता कारण पारिवारिक आर्थिक स्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरी निजसंगको कागजात र सम्बन्धित वडा कार्यालयको सिफारिसमा एक पटकमा २५





हजार सम्म उपलब्ध गराउने साथै सम्वन्धीत ठाउँ सिफारिस गरिनेछ ।

३) असहाय : यस नगरपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको एकघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई बेवारीसे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेको, जेष्ठ नागरिक भत्ता नपाउने गरेको साथै आर्थिक उपार्जन तथा काम गरि खान नसक्ने अवस्थामा भएको नगरबासीले सहयोग माग गरेमा त्यस्ता असहायको अवस्था हेरी निजसंगको कागजात र सम्बन्धित वडा कार्यालयको सिफारिसमा एक पटकमा रु. ५ सय देखि २ हजार सम्म सहयता दिन सकिने छ ।

४) संघ संगठन : यस नगरपालिकामा स्थापना भएका, दर्ता भएका, सूचीकृत भएका र नगरपालिकाको क्षेत्रको हित अनुकुल हुने गरि संजाल र महासंघ प्रकृतिका संघ, संगठनले आयोजना गरेका सामाजिक कार्यहरुमा नगरपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरि सहकार्य गरिने छ । उक्त कार्यक्रमले जिल्ला तथा नगरको पर्यटन प्रवद्धन, नगरको विकास लगायतका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने हुनु पर्नेछ । क्लव तथा संघ संस्थाहरुको वार्षिक साधारण सभा, वार्षिक नियमित कार्यमा सहयोग प्रदान हुनेछैन । साथै शैक्षिक संस्था, विद्यालय, धार्मिक कार्यक्रम, शुभकामना, विज्ञापन, संचार, मिडिया, खेलकुद लगायतका कार्यक्रममा रु. २५००० (पच्चिस हजार ) सम्म सहयोग गर्न सकिनेछ ।

४.१) वडा, नगर र जिल्ला स्तर कार्यक्रम :

क) नगर स्तरका संघ/संगठनले आयोजना गरेको कार्यक्रममा हेरी एक पटक रु.१ हजार देखि ८ हजार सम्म वडाको सिफारिसमा उपलब्ध गराउने ।

ख) जिल्ला स्तर संघ/संगठनले आयोजना गरेकोमा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटक रु.२ हजार देखि १० हजार सम्म

४.२) प्रदेश र केन्द्र स्तर कार्यक्रम:

क) प्रदेश स्तरका संघ/संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटक रु.३ हजार ५ सय देखि १२ हजार सम्म

ख) प्रदेश स्तर भन्दा माथिका संघ/संगठनले आयोजना गरेकोमा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटक रु.५ हजार देखि १५ हजार सम्म

(५) विशेष कारण वस लगाएको वालिनाली,पालेका पशुपंछी एंव साधन श्रोत को नोक्सानि भएमा नगरकार्यपालिकाले अनुगमन गरी उपयुक्त रुपमा आर्थिक सहयोग गर्नेछ ।

(६) विपद जस्तै वाढी,पहिरो,सर्पको टोकाई, जंगली जनावरको आक्रमण तथा महामारी मा परेका व्यक्ति एंव घर परिवार लाई बढिमा २५ हजार सम्म आर्थिक सहयोग गरिनेछ ।

(७) संघसंस्था बाहेक मासिक बढीमा १० जनालाई आर्थिक सहयोग गर्न सकिनेछ ।

(८) उपदफा १, २, ३, ४, ५, ६ मा जेसुकै व्यवस्था भएतापनि बिशेष परिस्थितिमा प्रतिकुल अवस्था आएमा आर्थिक सहायता माग गर्ने





व्यक्ति तथा संघ संस्थाको कागजातको आधारमा नगर प्रमुखले रु. ५०००। (पाँच हजार ) देखि १५,०००। (पन्ध्र हजार) सम्मको आर्थिक सहायता उपलब्ध गराउन सक्नेछन् ।

## परिच्छेदः–३
## आर्थिक सहायता भूक्तानी प्रकृया

९) भुक्तानी प्रकृया : नगर प्रमूखको तोक आदेशमा आर्थिक सहायताको भूक्तानी प्रकृया देहाय बमोजिम हुनेछ ।

१) मानवीय सहयताः दफा ३ को उपदफा (१) (२) (३) बमोजिमको आर्थिक सहयताको भुक्तानी गर्दा देहाय वमोजिम हुनेछ ।

क) निवेदन, नागरिकता,आवश्यकता अनुसार वडा कार्यालयको सिफारिस र अन्य सम्बन्धित कागजातहरु ।

ख) उपचारको हकमा अस्पतालले चेकजाँच गरेको कागजात

२) संघ/संगठनको हकमा आधिकारीक पत्र भएको हुनुपर्ने छ ।

३) सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्ने छ ।

४) नगर सभाले विनियोजन गरेको बजेटको परिधि भित्र रही एक व्यक्ति, संघ संगठनलाई एक पटक भन्दा वढी आर्थिक सहयोग गरिने छैन ।

(५) तोकिएको भन्दा आर्थिक सहयोग बढि गर्नुपर्ने भएमा नगरकार्यपालिकाको निर्णय वमोजिम हुनेछ ।

(६) आर्थिक सहयोग अधिकार नभई सहयोगको रुपमा मात्र रहनेछ ।

## परिच्छेद:–४
## विविध

१०) यस कार्यविधिका कुनै संसोधन गर्नु परेमा वा कार्यविधिमा उल्लेख नभएको विषयमा कुनै व्यवस्था गर्न आवस्यक परेमा नगरकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

**प्रमाणिकरण मिति : २०७५/७/१४**

आज्ञाले
ईश्वरलाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत